## मिति २०७५।९।१० को सचिवस्तरीय बैठकका निर्णयहरु:

१. मंसिर ११र १२ को गण्डकी प्रदेश समन्वय परिषद्को दोस्रो बैठकबाट पारित निर्णयहरु कार्यान्वयनको लागि सबै मन्त्रालयहरुमा यस कार्यालयको (कानून तथा संवैधानिक मामिला महाशाखा) च.नं. ६५ मिति २०७५।०८।१६ को पत्रबाट पठाइसकिएको छ । उक्त निर्णयहरु कार्यान्वयन गर्न गराउन आ-आफ्नो मन्त्रालयबाट उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने र सो को प्रतिवेदन मुख्यमन्त्री तथ मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

२. सचिव बैठकहरुबाट भएका पूर्व निर्णयहरुको हालसम्मको कार्य प्रगतिको बारेमा छलफल गरी समीक्षा गरियो । पूर्व निर्णय कार्यान्वयनको क्रममा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो

क) प्रदेश मन्त्रिपरिषद्मा पेश गर्न तोकिएका बाँकी रहेका कार्यविधि/मापदण्ड निर्देशिका तयार गरी छिटो भन्दा छिटो पेश गर्ने ।

ख) पारित भएका कार्यविधि /निर्देशिका हरुको प्रमाणित प्रति प्रदेश सभा सचिवालयमा पनि पठाउने ।

ग) मन्त्रालयले सैद्धान्तिक स्वीकृत लिएका विधेयकहरु छिटो तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।

घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चलानी नं. बै २४२।०७५ मिति २०७५।०९।०८ मा सबै मन्त्रालयमा प्रेषित गरिएको मन्त्रिपरिषद्को बैठकमा पेश हुने प्रस्ताव सम्बन्धी विषयको पत्र सहित कार्य सम्पादन नियमावली, २०७४ मा भएको व्यवस्था तथा उपलब्ध गराइएका अनुसूचीहरुमा तोकिएको निर्देशन र संलग्न चेकलिष्ट समेतको ढाँचामा प्रस्ताव पठाउने व्यवस्था पूर्णरुपमा कार्यान्वयनमा ल्याउने ।

ङ) मन्त्रालय र सो मातहत रहेका सरकारी संरचनाहरुको आवासमा को, को बसी रहेका छन् ? कर्मचारी नै खटाई विवरण संकलन गरी गराई संकलित नाम नामेसी सहितको विवरण पठाउन बाँकी रहेका मन्त्रालयहरुले २ दिन भित्र सोको विवरण पठाउने ।

च) मन्त्रालय र मातहतका निकायमा अन्यन्त्रैबाट प्राप्त हुन आएका सवारीसाधनहरु तत् तत् निकायबाट हस्तान्तरण गराई आफ्नो स्वामित्वमा ल्याई अभिलेख व्यवस्थापन गर्ने ।

प्रमुख सचिव

छ) सबै माननीय मन्त्रीज्यूहरुको स्वास्थ्य बिमा गराउनेको लागि माननीय मन्त्रीज्यूको वैयक्तिक विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र फोटोहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक प्रशासन शाखामा) उपलब्ध गराउने ।

ज) हेलो मुख्यमन्त्री कक्षबाट पठाइएका गुनासाहरु फछ्र्यौट गरी सो को जानकारी गराउने

३. गण्डकी प्रदेश सरकार स्थापना भएको आगामी फागुन ४ गते एक बर्ष पुग्ने भएकोले स्थापना कालदेखी हालसम्म प्रदेश सरकारले गरेका काम कारबाही सहितको प्रगति विवरण झल्कने गरी बार्षिक पुस्तिका प्रकाशन गर्न प्रमुख सचिवज्यूको संयोजकत्वमा देहाय बमोजिमको सदस्य रहने गरी एक निर्देशिक समिति गठन गर्ने ।

क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संयोजक

ख) सचिव,कानून तथा संवैधानिक मामिला महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सदस्य

ग) सचिव, बैठक तथा प्रशासन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय : सदस्य

घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयः सदस्य

ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय : सदस्य

च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय : सदस्य

छ) सचिव, सामाजिक विकास मन्त्रालयः सदस्य

ज) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय : सदस्य

झ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय : सदस्य

४. उल्लेखित निर्णय नं ३ बमोजिम गठित निर्देशक समितिलाई सहयोग गर्ने गरी पुस्तिका प्रकाशन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री मुक्ति प्रसाद पाण्डेको संयोजकत्वमा निम्न सदस्य रहने गरी पुस्तिका प्रकाशन उपसमिति गठन गर्ने निर्णय गरियो ।

क) सचिव,मुक्तिप्रसाद पाण्डे, आर्थिक मामिला तथा योजना मन्त्रालयः संयोजक

ख) उपसचिव, झलकराम सुवेदी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सदस्य

ग) उपसचिव, ध्रुव गिरी, आन्तरिक मामिला तथा कानून मन्त्रालय : सदस्य

घ) उपसचिव, दिवाकर पौडेल, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयः सदस्य

ङ) उपसचिव होमनाथ पौडेल, भौतिक पूर्वाधार विकास मन्त्रालयः सदस्य

च) उपसचिव माधव लम्साल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः सदस्य

छ) उपसचिव, तेज प्रसाद काफ्ले, सामाजिक विकास मन्त्रालयः सदस्य

प्रमुख सचिव

५. मन्त्रालयहरुले सुशासन कायम राख्नको लागि रणनीतिक कार्ययोजना बनाई मातहतका निकायहरुमा कार्यान्वयनको लागि लेखी पठाउने र निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्ने

६. प्रदेश लेखा नियन्त्रक कार्यालयले मिति २०७५।०९।१० गते राखेको लेखा सम्बन्धी छलफल कार्यक्रममा सचिव, महाशाखा प्रमुख र लेखा प्रमुखले भाग लिने ।

७. अन्तर प्रदेश परिषद्को काठमाण्डौमा सम्पन्न प्रथम बैठकबाट निर्णय भएका २९ बुँदाहरु सबै जानकारी गराउनुका साथै ती बुँदामा प्रदेश सरकारले कार्यान्वयन गर्ने बुँदाहरु उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने गराउने ।

८. सेवा प्रवाहालई चुस्त, दुरुस्त बनाउन र सुरक्षा सजगता अपनाउनको लागि समेत सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयहरुमा CCTV जडान गर्ने, गराउने व्यवस्था मिलाउने ।

९. सचिव बैठकबाट भएका निर्णयहरु Website मा राखे व्यवस्था मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिलाउने ।

प्रमुख सचिव